मन्थली नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
मन्थली, रामेछाप,
वागमती प्रदेश, नेपाल

## घरभाडा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७९/०५/१२**

यस मन्थली नगरपालिका कार्यालयको वडा नं १ रामनारायण चोक/ट्राफिक चोक आकासे स्थित आफ्नै स्वामित्वमा रहेको पक्कि भवन शिलवन्दी दरभाउपत्रद्धारा बढाबढ गरि ३ बर्षको लागी भाडामा दिनुपर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म, संघसंस्था, कम्पनीहरुले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि दोस्रो पटक ७(सात) दिने सुचना प्रकाशित गरिएको छ ।

## विवरण :

| सुचना नं. | विवरण | न्यूनतम कायम अंक/प्रति महिना (बहाल कर सहित ) |
|---|---|---|
| १ | मन्थली नगरपालिका वडा नं १ रामनारायण चोक/ट्राफिक चोक आकासेमा रहेको पक्कि भवन | रु. १,००,०००।- (एक लाख मात्र।) |

**तपशिलः**

१. दरभाउपत्र फारम यस कार्यालयबाट रु १०००।- अक्षरुपी एक हजार मात्र फिर्ता नहुने गरि सुचना प्रकाशन भएको मितिले अन्तिम दिन कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

२. घरभाडा लिन इच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको एक बर्षको भाडा रकमको पाँच प्रतिशतले हुन आउने रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापत रकम मनपाको नाममा राष्ट्रिय बाणीज्य बैंक, मन्थली शाखामा रहेको १६८०१००३०३००००२ धरौटी खातामा जम्मा गरी सक्कलै बैंक भौचर सम्लग्न गरी शिलवन्दी दरभाउपत्र माथि उल्लेखित अन्तिम मितिको भोलि पल्ट १२:०० वजेसम्म दर्ता गरिसक्नु पर्नेछ र सोही दिनको २:०० वजे नियमानुसार कर्मचारी प्रतिनिधि र घरभाडा लिन इच्छुक प्रतिनिधिको रोहवरमा खोलिनेछ । शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी बोलपत्रखोल्न बाँधा पर्ने छैन ।

३. घरको मासिक न्युनतम भाडा रकम बहाल कर सहित प्रति महिना रु. रु. १,००,०००।- ( अक्षरुपी : एक लाख रुपैंया मात्र ) कायम गरिएको छ । अत : दरभाउपत्र दाताहरुले उक्त न्युनतम भाडा रकम भन्दा कम भाडा रकम कबोल गर्न पाइने छैन ।

४. दरभाउपत्र कवोल गर्ने व्यक्ति, फर्म, संघसंस्था, कम्पनीहरुले सम्झौता गर्दा कवोल अंकको ३ महिनाको हुन आउने रकम सम्झौता गर्न आउँदा अग्रीम बुझाउनु पर्नेछ र अन्य भाडा रकम बुझाउँदा प्रत्येक महिनाको ७ गतेभित्र नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

५. घरभाडा सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्थली नगरपालिकाको कार्यालयमा निहित रहनेछ ।

६. उक्त भवनमा कलकारखाना, प्रदुषण गराउने, सडक आवागमनमा अवरोध गर्ने सामाग्री, पशुवधशाला लगायतका व्यवसायहरु सँचालन गर्न पाइने छैन ।

७. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम र नगरपालिकाको निर्णय गरे अनुसार हुनेछ । यो सुचना मन्थली नगरपालिकाको Website: manthalimun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत